STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत ११ गते शुक्रबार ❑ 25 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## निर्वाचन समयमै हुन्छ, शंका गर्नु पर्दैन : प्रधानमन्त्री देउवा

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १० चैत**

प्रधानमन्त्री शेरबहादुर देउवाले तोकिएको समय सिमाभित्रै स्थानीय तह सहित सबै तहको निर्वाचन हुने बताएका छन्। स्याङ्जाको चापाकोट नगरपालिका-९ सुन्तलीटारमा चापाकोट नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनको बिहीबार उद्घाटन गर्दै प्रधानमन्त्री देउवाले निर्वाचन हुने कुरमा शंका नगर्न समेत सबैमा आग्रह गरे।

"करिब दुई तिहाई जनमत नजिकको ओली सरकारले असंबैधानिक तबरबाट पटक-पटक प्रतिनिधिसभा भंग गरेपछि विशेष परिस्थितीमा यो सरकार बनेको हो।" प्रधानमन्त्री देउवाले भने, "विशेष परिस्थितीमा बनेको सरकार आफ्नो दायित्व पुरा गर्छ, शंका गर्न आवश्यक छैन् समय सिमाभित्र निर्वाचन हुन्छ।"



स्थानीय तह निर्वाचनको मिति घोषणा भई सकेको छ, निर्वाचन निष्पक्ष, भयरहित र स्वतन्त्र बनाउनु हामी सबैको समान दायित्व भएको बताउँदै काँग्रेस सभापति समेत रहेका प्रधानमन्त्री देउवाले सबैको सहयोग भएमा निर्वाचन समयमै सफलता पूर्वक सम्पन्न हुने बताए। स्थानीय सरकार पारदर्शी र जनउत्तरदायी भएर जनताको मन जित्ने गरी अगाडि बढ्नुपर्नेमा उनले जोड दिए। स्थानीय सरकार जनतासँग प्रत्यक्ष जोडिने भएकाले यसका काम कारबाहीलाई पारदर्शी बनाइ जनउत्तरदायी सरकारको रूपमा अगाडि बढाउनुपर्ने उनको भनाई थियो। "स्थानीय सरकार जनतासँग प्रत्यक्ष जोडिने सरकार भएकाले यसका काम कारबाही पारदर्शी र जनउत्तरदायी हुनुपर्छ।" प्रधानमन्त्री देउवाले भने, "स्थानीय सरकारले संघीयताको मर्म अनुसार जनताको मन जित्ने गरी काम गर्नु अहिलेको आवश्यकता पनि हो।" चापाकोट पर्यटकीय तथा धार्मिक दृष्टिले महत्व बोकेको पवित्र कालीगण्डकी नदीको तटमा रहेकाले यहाँको विकास निर्माणका गतिविधिलाई अगाडि बढाउन सबैको सहयोग र सहकार्यबाट मात्रै सम्भव रहेको उनले बताए। उनले कृषिमा प्रचुर सम्भाबना भएको चापाकोट कृषि क्रान्ति आवश्यक रहेको बताए।

कार्यक्रममा पूर्व उपप्रधानमन्त्री गोपालमान श्रेष्ठले स्याङ्जाको चापाकोट र पाल्पाको रामपुर नगरपालिकालाई समेटेर विकास निर्माण गर्न आवश्यक रहेको बताए। उनले कालीगण्डकी नदीको दायाँबायाँ ठूलो शहर बस्न सक्ने भएकाले कालीगण्डकी नदीमाथि आँफू भौतिक तथा पूर्वाधार मन्त्री हुँदा पुल निर्माण गरेको र अरु पुलहरु अहिले पनि निर्माणको क्रममा रहेको बताए। ढिलै भएपनि एमसिसी पास भएको छ, यसले नेपालमा समृद्धि ल्याउन र विकास निर्माणमा सहयोगी हुने विश्वास जनाए। स्थानीय, प्रदेश र केन्द्रीय निर्वाचनसम्म अहिले रहेको गठबन्धनलाई निरन्तरता दिनु आवश्यक रहेको श्रेष्ठको भनाई थियो। श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठले आसन्न निर्वाचनमा पनि पाँच दलीय गठबन्धन कायम रहनु पर्नेमा जोड दिए। उनले देशलाई अधिनायकवादीहरु र प्रतिगमनकारीहरुबाट बचाउनका लागि पाँच दलीय गठबन्धन जरुरी रहेको बताए। नेपाली काँग्रेसका नेता तथा पूर्व मन्त्री मीनेन्द्र रिजालले हरेक परिवर्तनको नेतृत्व नेपाली काँग्रेस पार्टीले गरेको बताए। उनले जब देश जटिल अवस्थामा पर्छ त्यतिबेला नेपाली काँग्रेसको नेतृत्वले देशलाई निकास दिने कार्यहरु गरेको स्मरण गरे। नेपालको समयलाई अब खेर जान नदिने गरी प्रधानमन्त्री देउवा अगाडि बढ्नु भएको बताउदै आसन्न निर्वाचनमा नेपाली काँग्रेसलाई बिजयी गराउन नेता कार्यकर्ताहरुलाई पूर्वमन्त्री रिजालले अनुरोध गरे।

गण्डकी प्रदेश शिक्षा, संस्कृति, विज्ञान तथा सामाजिक विकासमन्त्री मेखलाल श्रेष्ठले धार्मिक, पर्यटकीय एवं कृषिका क्षेत्रमा चापाकोटमा प्रचूर संभावना रहेकाले अलपत्र परेको कृषि क्याम्पस सञ्चालनमा जोड दिनुपर्ने बताए। उनले सिञ्चाईका क्षेत्रमा पनि नयाँ योजनाहरुसहित अगाडि बढेर उर्वरायुक्त भूमिलाई सिञ्चित गर्नुपर्ने औलयाए।

पूर्व प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले कालीगण्डकी डाईभर्सनको योजना अगाडि सारेर यहाँका नागरिकलाई तर्साएको नेपाली काँग्रेस स्याङ्जाका सभापति राजु थापाले बताए। उनले कालीगण्डकी डाईभर्सनलाई रोक्नका लागि प्रधानमन्त्री देउवासमक्ष अनुरोधसमेत गरे। चापाकोट नगरपालिका समथर र निक्कै संभावना बोकेको स्थल भएकाले यहाँ बिमानस्थल, कालीगण्डकी नदीमाथि पक्की पुल, यहाँसम्म पुग्नका लागि सडक सहितका पूर्वाधार निर्माणलाई जोड दिन उपप्रमुख बिमला श्रेष्ठले प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराईन्। संघ प्रदेश र स्थानीय सरकारको संयुक्त साझेदारीमा ५ करोड ५० लाखमा भवन निर्माण सम्पन्न भएको हो। १६ रोपनी परिषरको झण्डै १ रोपनी जग्गामा निर्माण भएको ३ तले भवनमा ३८ कोठा चापाकोट नगरपालिकाले जनाएको छ।

## तत्काल कार्यान्वयन नहुने योजना सरेण्डर गर्न मन्त्री बरालको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, १० चैत**

गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले आजाका मितिसम्म कार्यान्वयनमा नहुने योजनाहरु सरेण्डर गर्न आग्रह गर्नु भएको छ।





अर्थ मन्त्रालयले बिहीबार मन्त्रालयमै आयोजना गरेको प्रदेशका सचिवहरु बिचको छलफल कार्यक्रम वोल्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो। कार्यान्वयन हुन नसक्ने आयोजना यही चैत भित्र समर्पण गर्न, नयाँ योजना प्रस्ताव नगर्न, कार्यान्वयन नहुने योजनाहरु तत्काल समर्पण गर्न, सिमिति श्रोत साधनका बाबजुत अधिकत्तम श्रोत साधनबाट बजेट कार्यान्वयन गर्न मन्त्री बरालले सचिवहरुलाई निर्देशन दिनु भएको हो। अर्थ मन्त्रालयमा बजेटको चाप निकै बढेकोले अहिलेको अबस्थामा रकमान्तर र कुनै नयाँ योजनाहरु कायौन्वयन हुन अबस्था नभएको उहाँले बताउनु भयो। रकम अभाव, सवारी साधनको माग कर्मचारी लगायतको अभाव भएको सचिवहरुले मन्त्री समक्ष जानकारी गराउनु भएको थियो।

आर्थिक बर्ष २०७९/८० को लागि बजेट सिलिङ सम्बन्धि छलफल यही चैत १६ देखि २३ गतेसम्म हुने भएको अर्थ मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले बताउनु भयो। कार्यक्रममा प्रदेशका १२ मन्त्रालयका सचिवहरुको सहभागिता रहेको थियो।

## तनहुँ जलविद्युत् आयोजनाको काम समयमै सम्पन्न गर्न प्रधानमन्त्रीको निर्देशन

**पोखरापत्र संवाददाता**
**दमौली, १० चैत**

प्रधानमन्त्री शेरबहादुर देउवाले तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको निरीक्षण गरी आयोजना समयमै सम्पन्न गरिसक्न निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री देउवाले बिहीबारआयोजनाको बाँधस्थल, विद्युत्गृहलगायतको निरीक्षणपछि समयमै काम सम्पन्न गर्नेतर्फ ध्यान दिन निर्देशन दिनुभएको हो। सो क्रममा प्रधानमन्त्री देउवाले आयोजनाको हालसम्म भएका कामको प्रगतिबारे जानकारी लिनुभएको थियो। प्रधानमन्त्री देउवाले आयोजना निर्माणका लागि सरकारको तर्फबाट आवश्यक सबै सहयोग रहने प्रतिबद्धता पनि त्यस अवसरमा व्यक्त गर्नुभयो। बिहीबार तनहुँका केही कार्यक्रममा सहभागी हुन आउनुभएका प्रधानमन्त्री देउवाले राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको जलविद्युत् आयोजनाको निरीक्षण गर्नुभएको हो। आयोजनाको प्रवर्द्धक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले निर्माण कार्यमा भइरहेको प्रगतिबारे प्रधानमन्त्री देउवालाई जानकारी गराउनुभएको थियो। तनहुँ जलविद्युत् आयोजनाको मुख्य कार्यलाई तीन 'प्याकेज'मा विभाजन गरी निर्माण अगाडि बढाइएको छ। आयोजनाको पहिलो प्याकेजअन्तर्गत १४० मिटर अग्लो ड्याम निर्माणका लागि गत भदौ १४ मा भएको सम्झौता कार्यान्वयनमा छ। अहिले मुख्य बाँध निर्माणका लागि नदी फर्काउने कार्य पनि भइरहेको छ।

आयोजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायतका दोस्रो प्याकेजको निर्माण जारी छ। ठेकेदार कम्पनीले केबुल सुरुङ, मुख्य पहुँच सुरुङ निर्माण सम्पन्न गरी भूमिगत विद्युत्गृह खनिरहेको छ।

आयोजनाको तेस्रो प्याकेज अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण भइरहेको छ। अहिलेसम्म ३५ वटा टावरको जग हाल्ने कार्य सम्पन्न गरी १६ वटा टावर ठडाइएको छ।

आयोजनाको समग्र निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको छ। कम्पनीको पूँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युत्रीकरण तथा निर्माण अवधिको व्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

## कलाकार शाहलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश

**पोखरापत्र संवाददाता**
**दमौली, १० चैत**



तनहुँ जिल्ला अदालतले नाबालिगलाई जबरजस्ती करणीको अभियोगमा कलाकार पल शाहलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ।

जिल्ला न्यायाधीश हरिशचन्द्र ढुङ्गानाको एकल इजलासले शाहलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो।

सोही मुद्दामा शाहका व्यवस्थापक भनिएका कृष्ण जोशीलाई रु एक लाख धरौटीमा रिहा गर्ने आदेश दिइएको जिल्ला अदालतका श्रेस्तेदार मिनबहादुर कुँवरले जानकारी दिनुभयो। जोशी आज साँझ नै धरौटी बुझाएर रिहा भएका छन्।

नाबालिगलाई जबरजस्ती करणीको अभियोगमा तनहुँ अदालतमा मुद्दा दर्ता भएपछि कलाकार शाहविरुद्ध दुवै पक्षबाट बहस गरिएको थियो। जाहेरीवालाका तर्फबाट बुधबार नै बहस गरिएको थियो भने प्रतिवादीका तर्फबाट आज अदालतमा बहस भएको थियो। प्रतिवादीका तर्फबाट १२ कानुन व्यवसायीले बहस गरेका अधिवक्ता भानुभक्त सुवेदीले जानकारी दिनुभयो।

## एमाले बैठक सम्पन्न

**रासस**
**काठमाडौं, १० चैत**

नेकपा (एमाले) को केन्द्रीय कमिटीको तेस्रो बैठक आशन्न स्थानीय तहको निर्वाचनका लागि उत्साहका साथ लाग्न नेता-कार्यकर्तालाई निर्देशन दिँदै बिहीबार सम्पन्न भएको छ।

बुधबारदेखि सुरु भएको बैठकले पार्टी अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदन छलफलसहित पारित गरेको छ भने विभिन्न ११ बुँदे कार्यसूचीमा निर्णय गरेको छ। सबै कार्यसूची सर्वसम्मतिले पारित गर्दै एकै लय तालका साथ जनताको घरदैलोमा जान र उनीहरुका समस्या बुझ्न बैठकले मातहतका कमिटीलाई निर्देशन दिएको छ। बैठकको समापनका अवसरमा अध्यक्ष ओलीले आशन्न निर्वाचनलाई केन्द्रमा राखेर पार्टी पंक्ति परिचालन हुनुपर्ने, पार्टीलाई थप प्रभावकारी बनाउनुपर्ने, एउटै लय र तालमा जनताको घरदैलो जाने र जनताका समस्यासँग परिचित हुन निर्देशन दिनुभएको थियो। बैठकले पार्टीका सार्वजनिक कार्यक्रममा कम्तीमा पाँच जना वक्ता रहने, माला र खादाको प्रयोगमा कमी गर्ने, कार्यक्रम छिटो, छरितो बनाउने र मञ्चमा वक्तालाई मात्र राख्नुपर्ने जस्ता निर्वाचन लक्षित कार्यक्रमका विषयमा निर्णय भएको एमालेका केन्द्रीय प्रचार विभागका उपप्रमुख विष्णु रिजालले जानकारी दिनुभयो।

बैठकले स्थानीय तहको उम्मेदवारको ६ मापदण्ड पारित गरेको छ। यही चैत मसान्तभित्र उम्मेदवारको सिफारिस गरिसक्न तथा वडा कमिटीको हकमा वडाले सिफारिस गरेर गाउँ नगरपालिकाले, गाउँ नगरपालिकाको जिल्लाले सिफारिस गर्ने उल्लेख छ। प्रदेशले, महानगर र उपमहानगरको प्रमुख, उपप्रमुखको हकमा सम्बन्धित कमिटीको सिफारिसमा केन्द्रीय कमिटीले निर्णय गर्नेछ।

बैठकले निर्वाचनको घोषणापत्रलाई चाँडै अन्तिमरुप दिन सचिवालयलाई अधिकार दिएको छ। पार्टीले कम्युनिष्ट पार्टी स्थापना दिवसको अवसरमा (वैशाख ९ गते) सात सय ५३ स्थानीय तहमा एकैदिन देशव्यापी प्रतिबद्धतापत्र सार्वजनिक गर्ने र सो दिवसलाई ज्येष्ठ कम्युनिष्टको

बाँकी अन्तिम पृष्ठमा ▶▶



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# थपिदै अटेरी उम्मेदवार

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

अटेरी उम्मेदवारको संख्या दिनानुदिन थपिदै छ । स्थानीय तहलाई दल रहित बनाउने उद्देश्य बोकेर पोखराबाट सुरु भएको अटेरी अभियानमा उम्मेदवारी दिनेको संख्या बढ्दै गएको हो ।

हालसम्म देशभर १ सय ५० जनाले आउदो स्थानीय तहबाट उम्मेदवारी घोषणा गरि सकेका छन् । पोखराबाट मात्रै १२ वडामा अटेरी उम्मेदवारी घोषणा भएको छ । 'तपाईंहरुलाई थाहै छ, अहिले अटेरी अभियानमा सामेल हुनेको संख्या दिनहुँ बढी रहेको छ ।

देशभर डेढ सय बढीको उम्मेदवारी घोषणा गरि सक्नु भएको छ,' अटेरी अभियानका निर्वाचन अभियान संयोजक हरि कार्कीले भने, 'अरु साथीहरुसँग पनि सल्लाह हुँदै छ । १९ गते अरु साथीहरुको पनि उम्मेदवारी घोषणा गर्ने कार्यक्रम छ ।'

स्थानीय तहमा कस्तो खालको विकासको मोडल बनाउन सकिन्छ भन्ने विषयमा अहिले व्यापक छलफल पनि चलि रहेको उनले बताए ।

पोखराबाट गनेस पौडेलले पोखरा महानगरको मेयर पदमा उम्मेदवारी घोषणा गर्दै सुरुआत गरेको यो अभियान अहिले देशव्यापी बनेको छ । पोखराका १२ वडा मध्ये ३, ६, १०, ११, १३, १४, २०, २१, २४, २५, २६, २८ वडामा अटेरी अभियानको उम्मेदवारी घोषणा भई सकेको छ ।

# पानीको सुविधा प्राप्त गरेका सराङकोट बासीको माग अब सडक निर्माणमा

पोखरापत्र संवाददाता
पोखरा, १० चैत



पोखरा १८ स्थित सराङकोट बासीले पिउने पानीको सुविधा प्राप्त गरेसंगै अब सडक निर्माण गर्न माग गरेका छन् । निर्वाचनका बेला पिउने पानीको सुविधा उपलब्ध गराउने भनी सराङकोट बासीलाई दिएको वचन पुरा गरेका गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवन समक्ष अब सडक निर्माण गर्न स्थानियले माग गरेका हुन् ।

सराङकोटमा बुढी मुल लिफ्टीङ खानेपानी योजना, स्याउदे सिमलवोट खानेपानी लगायतका योजना सम्पन्न गर्न करिब ६ करोड ३३ लाख रुपैया विनियोजन भएको थियो भने बाँकी दुई तोरीपानी खानेपानी योजना र ग्यारजाति खानेपानी योजना हाल निमार्णाधिन अबस्थामा रहेका छन् । निर्माण हुदै गरेका दुई वटा योजनामा करिब ९५ लाख रुपैया बजेट विनियोजन भएको छ ।

स्थानियसंगको भेटघाट कार्यक्रममा बोल्दै माओबादी केन्द्रका नेता समेत रहेका मन्त्री बरालले पर्यटकीय क्षेत्र सराङकोटमा पानीको चर्को समस्या भएकोले त्यसको व्यबस्थापन गर्न आफुले पहल गरेको बताउनु भयो । स्थानियको माग अनुसार अब सडक निर्माणमा जनताको आवश्यकताको आधारमा सडक निमार्णमा बिषेश पहल गर्ने मन्त्री बरालले बताउनु भयो ।

भकुण्डे, अर्मजा, तोरीपानी लगायतको सडक निर्माणमा पहल गर्ने बताउदै मन्त्री बरालले जनताको असल प्रतिनिधि हुन मेहेनत गर्नुपर्ने जनाउनु भयो । संघिय लोकतान्त्रिक गणतन्त्र र संविधानको रक्षाको लागि माओबादी केन्द्रले मात्र गर्न सक्ने भएकोले माओबादीको नेतृत्व आवश्यक भएको उहाँको भनाई थियो । प्राप्त उपलब्धिलाई खारेज गर्न तर्फ एमाले अध्यक्ष केपी शर्मा ओली उद्धत भएकोले गठबन्धन आवश्यक भएको मन्त्री बरालले बताउनु भयो । माओबादी केन्द्रका नेता राजु शर्मा तिमिल्सिनाले सांसद देखि मन्त्री रहदासम्म बरालले सराङकोटमा क्षेत्रमा पुराएको योगदानको प्रशम्सा गर्नु भयो । अर्को नेता टिकाराम तिमिल्सिनाले मन्त्री बरालको पहलमा पानीको सहज व्यबस्था भएसंगै गाउँ फर्क अभियान समेत सुरु भएको बताउनु भयो ।

नेकपा माओबादी केन्द्र पोखरा १८ का अध्यक्ष पुर्णाखर तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न भएको थियो । यसैबिच नेकपा माओबादी केन्द्र पोखरा १८ को तोरीपानी टोल कमिटिको अध्यक्षमा अनन्त तिमिल्सिना, इन्चार्जमा नर बहादुर भुजेल चयन भएका हुन् ।

# जुनियर टेनिसमा प्रणव र सौगात डबल्स च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, १० चैत




प्रणव मानन्धर र सौगात विक पोखरामा जारी मनुश्री-भिग्नाजित जेटीआई राष्ट्रिय जुनियर टेनिस प्रतियोगितामा ब्वाइज ओपन डबल्सतर्फ विजयी भएका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा जारी प्रतियोगिता अन्तर्गत बिहिवार भएको फाइनल खेलमा सो जोडीले निशा जोशी र दर्शिल श्रेष्ठको जोडीलाई पराजित गर्दै च्याम्पियन भएका हुन् ।

प्रतियोगितामा विजेता जोडीले नगद १५ हजार सहित मेडल तथा उपविजेता जोडीले नगद ७ हजार ५ सय सहित मेडल पुरस्कार प्राप्त गरे । त्यस्तै अशव हाडा र स्पन्दन उदास तथा शास्वत बज्राचार्य र सृजन भट्टराइको जोडीले तृतीय स्थान प्राप्त गरे । १६ वर्ष मुनिको ब्वाइज सिंग्लस उपाधी प्रणव मानन्धरले जितेका छन् । उनले फाइनल खेलमा राजबिर प्रधानलाई ६-०, ६-१ को सहज नतिजा निकाले । जितसंगै उनले नगद १५ हजार सहित मेडल तथा उपविजेता राजबिरले नगद ७ हजार ५ सय सहित मेडल पुरस्कार प्राप्त गरे । प्रतियोगितामा सौगात विकले तृतीय स्थान हाँसिल गरे । विजयी खेलाडीहरुलाई कास्की जिल्ला टेनिस संघका उपाध्यक्ष नविन चालिसे, कोषाध्यक्ष अनुज बाँस्तोला, संघका सदस्य प्राञ्जल कायस्थ, नेपालका शिर्षवरियता खेलाडी प्रदिप खड्का लगायतले एक समारोहका विच पुरस्कार वितरण गरेका थिए । प्रतियोगितामा गर्ल्सतर्फका फाइनल तथा अन्य खेलहरु जारी गरेको प्रतियोगिताका निर्देशक सूर्यभूषण बज्राचार्यले जानकारी दिए ।

## एमाले...

सम्मानसहित सृजनात्मकरुपमा मनाउने निर्णय गरेको छ । निर्वाचन घोषणापत्र मस्यौदाका लागि वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको संयोजकत्वमा उपाध्यक्ष युवराज ज्ञवाली, उपमहासचिवद्वय प्रदीप ज्ञवाली र विष्णु रिमाल, नेताहरु देवेन्द्र दाहाल, प्रभु शाह, मनोजजङ्ग थापा, युवराज खतिवडा, प्रभा बराल, डा दिनेशचन्द्र देवकोटासहितको कार्यदल गठन गरिएको छ । बैठकले विभिन्न विभागमा सदस्यको मनोनयन र पार्टीको वार्षिक कार्ययोजना पारित गरेको छ ।

# एगाको पर्यटन प्रवर्द्धन एवं क्षमता अभिवृद्धि सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएसन(एगा) पोखराद्वारा आयोजित पर्यटन प्रवर्द्धन एवं क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमअन्तर्गत पूर्वी नेपालका विराटनरस्थित अन्नपूर्ण निटिङ इन्डस्ट्रिज प्रालि र प्रगति टेक्सटायल प्रालिको अवलोकनसँगै इलामको कन्याम चियाबारी, कोशी व्यारेज, भरत ताल, हेटौंडाको शहीद स्मृति पार्कलगायतका स्थान अवलोकन गराइएको कार्यक्रम संयोजक एवं संस्थाका उपाध्यक्ष गोकर्ण लम्सालले जानकारी दिनुभयो । उद्योगमा व्यवसायीले गरेको अवलोकनले आफूले बिक्री वितरण गर्दै आएका सामग्रीको उत्पादन प्रक्रिया, तिनीहरूको गुणस्तरीयता लगायतका धेरै विषयमा जानकारी प्राप्त भएको एगा पोखराका अध्यक्ष विश्वराज पोखरेलले जानकारी दिनुभयो । इम्ब्रोइडरी र गार्मेन्ट व्यवसायीले पर्यटकले लैजाने सामग्री तयार गरी स्वदेश एवं विदेशमा नेपालका पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा विशेष योगदान पुऱ्याएको उहाँले बताउनुभयो । पर्यटन प्रवर्द्धन एवं क्षमता अभिवृद्धि कार्यक्रमले व्यवसायीमा उत्साह थपेको जनाउँदै एगा पोखराका पूर्वअध्यक्ष एवं पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष चिरञ्जीवी पोखरेलले पर्यटकीय सामग्रीमार्फत एगाले पर्यटनमा गरेको योगदानको उचित मूल्याङ्कन हुनुपर्नेमा जोड दिनुभयो । उद्योग अवलोकनसँगै गरिएको पर्यटकीयस्थलको भ्रमणबाट पनि व्यवसायले धेरै विषयमा जानकारी प्राप्त गरेको जनाउँदै उहाँले भरत तालजस्ता मानवनिर्मित पर्यटकीय पूर्वाधार अन्य स्थानका लागि पनि प्रेरणादायी बन्ने विश्वास व्यक्त गर्नुभयो । एगा पोखराका संस्थापक अध्यक्ष वेदप्रसाद पाण्डे, पूर्वअध्यक्ष कृष्णकुमार श्रेष्ठ, सचिव गीता ढकाल (पौडेल) लगायतले पूर्वी नेपालका पर्यटकीय गन्तव्य अवलोकनसँगै क्षमता अभिवृद्धि कार्यक्रमले व्यवसायीमा आगामी दिनमा पर्यटकले उपहारका रुपमा लैजाने सामग्री तयार गर्ने सम्बन्धमा पनि नयाँ नयाँ सोच विकास गरेको धारणा राख्नुभयो । आइतबारदेखि चार दिने कार्यक्रमका साथ पूर्वी नेपाल हिँडेको टोली बुधबार पोखरा फर्किएको छ ।

# महिला तथा वालकल्याण कुञ्चमा सचेतना

पोखरापत्र संवाददाता
पोखरा, १० चैत




पोखरा महानगरपालिका वडा नं १३ स्थित महिला तथा वालकल्याण कुञ्जको आयोजनामा महिला हिंसा सम्बन्धि दुई दिने सचेतना कार्यक्रम हालै सम्पन्न भयो ।

पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा सो कार्यक्रम भएको हो । वडा नं १३ का वडाअध्यक्ष दर्शन लामाले कोभिड १९ले प्रभाव पारेको अवस्थामा दिदीवहिनीहरुको सहयोग उत्तम रहेको चर्चा गरे ।

वडा न १३ का वडा सदस्य कृष्णकुमारी गुरुङ महिला हिंसा हुनुमा आयए आर्जन प्रमुख भएको चर्चा गरीन । कार्यक्रममा ८२ जना सहभगिता रहेको कार्यक्रम माहिला तथा वालकल्याण कुञ्जकी अध्यक्ष मैया सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा पृथ्वीधर सिग्देल समाजका अध्यक्ष गोविन्द प्रसाद सिग्देल लगायत वोलको कार्यक्रममा कुञ्जका उपाध्यक्ष शान्ति सिग्देलले स्वागत र सचिव रत्ना सिग्देलले संचानल गरेक थिइन ।

# जनताका लागि विगतका गल्ती सच्चाउने अवसर : अध्यक्ष लिङ्देन

पोखरापत्र संवाददाता
गोरखा १० चैत

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले अब आउने निर्वाचन नेपाली जनताका लागी विगतका गल्ती सच्याउने अवसर भएको बताउनुभएको छ ।

गोरखा सदरमुकाममा आज आयोजित आमसभामा उहाँले जनताले दिने एक भोटले गलत पार्टी र गलत नेताले जिते देशले दुःख पाउने उल्लेख गर्नुभयो । आगामी वर्ष हुने तीनै तहको निर्वाचनमा सोचविचार पुऱ्याएर जनता र देशको पक्षमा हुने गरी मतदान गर्न अध्यक्ष लिङ्देनले सबैमा आग्रह गर्नुभयो । "गलत नेता र पार्टीको चयन गर्दा देशले दुःख पाउँछ, सोचेर भोट दिनुस्", उहाँले भन्नुभयो ।

# विपक्षी दलका भ्रमलाई कांग्रेसले चिर्नुपर्छ : वरिष्ठ नेता पौडेल

पोखरापत्र संवाददाता
दमौली, १० चैत

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कांग्रेसले गरेका कामका बारेमा जनतालाई जानकारी गराएर आगामी निर्वाचनमा मत माग्नुपर्ने बताउनुभएको छ । कांग्रेस व्यास नगरपालिका-२ ले आज दमौलीमा आयोजना गरेको भेलालाई सम्बोधन गर्दै उहाँले कांग्रेसले सरकारको नेतृत्व गर्दा गरेका कामका बारेमा जनतालाई जानकारी गराउनुपर्छ भन्नुभयो । उहाँले भन्नुभयो "विपक्षी दलहरूले जनतालाई भ्रममा पार्ने कोसिस गरिरहेको छन् । त्यस्ता भ्रमलाई कांग्रेसले चिर्नसक्नुपर्छ ।" कांग्रेसका बारेमा जनतालाई बुझाउन हरेक नेता तथा कार्यकर्ताले अध्ययन, चिन्तन र मनन गर्नुपर्ने वरिष्ठ नेता पौडेलको भनाइ थियो । फरक प्रसङ्गमा उहाँले व्यास नगरपालिकालाई प्रकृतिमैत्री बनाउने चुनौती थपिएको बताउनुभयो । नगरपालिकाभित्र बनेका संरचनाले नगर क्षेत्र साँघुरिँदै गएकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो । कांग्रेसका केन्द्रीय सदस्य मधु आचार्यले पार्टी सरकारमा हुँदा भएका राम्रा कामका बारेमा प्रचार गर्नुपर्नेमा जोड दिनुभयो । कांग्रेस जिल्ला सभापति जितप्रकाश आलेले कांग्रेसले आचरण सुधार गर्नुपर्नेमा जोड दिँदै योग्य, क्रियाशील र क्षमतावानलाई स्थानीय चुनावमा टिकट दिइने बताउनुभयो ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# दुई वर्ष पछि मेला महोत्सव

दुई बर्षदेखि कोभिड-१९ ले थला परेको आर्थिक गतिविधि चलायमन गराउन निजी क्षेत्रले मेला महोत्सव गर्न थालेका छन । मेला महोत्सवले आर्थिक गतिविधि चलायमन बनाउन सहयोग पुऱ्याउने गरेको छ। उपभोक्ता र उत्पादकबीच सिधा सम्बन्ध राख्ने ठूलो मौका मेला महोत्सवले दिने विश्वास गरिन्छ । व्यवस्थित मेला महोत्सव गर्दै आएको लेखनाथ उद्योग बाणिज्य संघले लेखनाथ महोत्सव सम्पन्न गरेको छ । कोभिड-१९ पछि आयोजना गरिएको महोत्सवमा दर्शक र उपभोक्ताको उल्लेखनीय उपस्थिति रहेको थियो । पोखरामा महोत्सव सम्पन्न भएको सकारात्मक सन्देशले अरुलाई उत्साहित बनाएको छ । तनहुँ उद्योग वाणिज्य संघको आयोजनामा बिहीबारदेखि दमौलीमा महोत्सव सुरु भएको छ। प्रधानमन्त्री शेर बहादुर देउवाले आठौं तनहुँ महोत्सवको उद्घाटन गरेर महोत्सवलाई महत दिएका छन।कोभिड-१९ ले थला परेको अर्थतन्त्र चलायमान बनाउन स्थानीयस्तरमा आयोजना हुने मेला महोत्सवबाट सहयोग पुग्ने देखेर नै सरकारले महत्त्व दिएको हुनुपर्छ ।

आर्थिक तथा सामाजिक क्षेत्रको विकासका लागि मेला महोत्सव सार्थक सिद्ध हुने गरेका छन । कतिपय मेला महोत्सव उद्देश्य विहीन हुने गरेका थिए । कति त देखासिखीका आधारमा हुने गरेका थिए ।सरकारले स्पष्ट मापदण्ड तयार नगरीकन मेला महोत्सव गर्न दिँदा आयोजकलाई कमाउने माध्यम पनि बनेको थियो । अब हुने मेला महोत्सव विगतका कमि कमजोरी हटाउने र असल अभ्यासलाई अनुसरण गर्न सघाउँछ । 'कोरोनाले दुई वर्षदेखि रोकिएका मेला महोत्सव सञ्चालन हुनु अर्थतन्त्रका लागि राम्रो हो ।' हरेक नेपालीलाई कोभिड-१९ विरुद्धको खोप लगाइएकाले नेपालीमा आत्मबल बढेको छामहोत्सव आयोजना गर्न उत्साहित गराएको छ । स्थानीय स्तरमा उत्पादन हुने वस्तुको प्रचारप्रसार र बजारीकरणमा महोत्सवबाट सहयोग पुग्नुपर्छ ।

गाउँमै आम्दानी र रोजगारीको अवसर सिर्जना गरेर जनतालाई गाउँमै बसूँ बसूँ बनाउनुपर्ने काम सरकार को हो । रोकिएका विकास निर्माणका कामलाई निरन्तरता दिन सकेमा जनतामा विश्वास पलाउँछ। स्वदेशी तथा बाह्य लगानी भित्र्याउन सरकारको लगानी मैत्री नीति हुनुपर्छ । सरकार विकास र समृद्धिको पक्षमा लाग्न आनाकानी गरेको कारण पलायन हुने क्रम रोकिएको छैन। देशिक रोजगारीमा भएका बेथिति हटाउन सके देशभित्रै रोजगारीको सिर्जना गर्न सकिन्छ । आर्थिक, सामाजिक विकासका साथै स्थानीय उत्पादन, कृषि, धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल, उद्योग, व्यापार व्यवसायको सम्भाव्यता अध्ययन गरी प्रवर्द्धन गर्ने उद्देश्यसहित महोत्सव आयोजना गरिएको हो।चैत २० गतेसम्म सञ्चालन हुने महोत्सवमा पाँच लाख दर्शकले अवलोकन गर्ने लक्ष्य छ। साथै महोत्सवमा छ करोड बराबरको आर्थिक कारोवार हुने अनुमान गरिएको छ ।

ग्रामीण पर्यटनको प्रचुर सम्भावना रहेको जिल्लाका ऐतिहासिक र सांस्कृतिक रुपले सम्पन्न ग्रामीण बस्तीको प्रवर्द्धनका लागि दर्शकलाई सांस्कृतिक नमूना ग्राम भ्रमण गराउन पछि पर्नुहुँदैन। महोत्सव अवलोकनका लागि दर्शकलाई मानुङकोट, कुमालटारी, बोटेगाउँ, दरैगाउँ लगायतका गाउँ भ्रमणको व्यवस्था मिलाइएको छ ।

# सिम्लेमा सिँचाइ नहर

पोखरापत्र संवाददाता
म्याग्दी, १० चैत

म्याग्दीको रघुगङ्गा गाउँपालिका- २ भगवतीमा खरविर-सिम्ले सिँचाइ योजनाको नहर निर्माण भएको छ ।

खानेपानी, सिँचाइ तथा जलस्रोत डिभिजन कार्यालय म्याग्दीको अनुदान सहयोगमा उपभोक्ता समितिले पक्की संरचना बनाएका हुन् । कार्यालयका सब-ईन्जिनियर अञ्जन खत्रीले ४५० मिटर पक्कि नहर निर्माण भएको बताउनुभयो । "म्याग्दीमा चालु आर्थिक वर्षमा सञ्चालित मध्य खरविर-सिम्लेको नहर सबैभन्दा छिटो निर्माण सकियो", उहाँले भन्नुभयो "उपभोक्ता समितिको सक्रियताका कारण लक्ष्य अघिनै नहर निर्माण भएको हो ।"

सो सिँचाइ योजना निर्माणका लागि खानेपानी, सिँचाइ तथा जलस्रोत डिभिजन कार्यालय म्याग्दीले चालु आर्थिक वर्ष २०७८/७९ मा रु. २० लाख बजेट बिनियोजन गरेको थियो । उपभोक्ता समितिले रु. दुई लाख २३ हजार बराबरको श्रमदान गरेर नहर बनाएको जनाएको छ । खरविर-सिम्ले सिँचाइ जल उपभोक्ता समितिका अध्यक्ष भगवान केसीले शेरमा २७० मिटर र तल्लो शेरमा १८० मिटर नहर निर्माण भएको जानकारी दिनुभयो । स्थानीय मजदुर परिचालन गरेर शुरु गरेको २३ औं दिनमा योजना निर्माण सम्पन्न गरेको उहाँले बताउनुभयो ।

सिँचाई सुविधा भएपछि आकाशे पानीको भरमा खेती गर्दै आएका कृषकहरुलाई राहत मिलेको छ । यसअघि कच्ची नहरमा थोरै स्रोतको पानी चुहावट हुने समस्या थियो । धान गहुँ मकै, फलफूल र तरकारी खेती गर्न सहज भएको स्थानीय अनोज केसीले बताउनुभयो । करिब तीन सय रोपनी जमिनमा सिँचाई सुविधा विस्तार भएको छ । खरविरसँगै सिम्ले लगायतका फाँटका कृषकको माग अनुसार यस नहर निर्माणलाई पुर्णता दिन आगामी आर्थिक वर्षमा बजेटको लागि पहल गरेर सफल बनाउने योजना रहेको वडा अध्यक्ष रिमबहादुर कटुवालले बताउनुभयो । खेतीबालीमा सिँचाइ गर्न पालो कुर्नुपर्ने अवस्था ओखरबोट, खौरटे, सिम्ले लगायतका क्षेत्रका कृषकको बाध्यता हट्ने अपेक्षा गरिएको छ । सिँचाईको अभाव हुँदा हिउदे खेती गहुँ, आलु लगायतको खाद्यबालीमा मेहनत अनुसारको आम्दानी हुन सकेको थिएन् ।

# वर्षौंपछि भूमिहीनले पाए पुर्जा

पोखरापत्र संवाददाता
तनहुँ १० चैत

बन्दीपुर गाउँपालिका-६ धरमपानीका ४६ स्थानीयवासीलाई जग्गाधनी पुर्जा वितरण गरिएको छ । सदियौंदेखि बसोबास र करेसाबारी बनाएर बस्दै आएका सो क्षेत्रका उनीहरूलाई ब्लक जग्गाको धनीपुर्जा वितरण गरिएको थियो ।

उनीहरूले घर तथा खेती गर्दै आएतापनि दुःख पर्दा बिक्री तथा बैंकमा धितो राख्नलगायतका कार्यबाट बञ्चित हुँदै आएका थिए । उनीहरूलाई करिब छ ब्लकमा गरेर पुर्जा वितरण गरिएको बन्दीपुर गाउँपालिकाले जनाएको छ । पुर्जा नहुँदा बेचबिखन र व्यक्तिगत कार्यमा कठिनाइ भोग्नुपरेको हुँदा आउँदा दिनमा सहज बनाउन बाटो खुलेको पुर्जा पाउनुभएका भीमबहादुर गुरुङले जानकारी दिनुभयो । "पुर्जा नपाइकनै मरिन्छ होला भन्ने सोचेको थिएँ", उहाँले भन्नुभयो, "ढिलै भए पनि पुर्जा पाइयो, खुसीको सीमा छैन ।" यसैगरी पुर्जा पाएका अर्का व्यक्ति नरबहादुर थापाले पुर्जा हातमा परेपछि बैंकबाट धितो राखेर ऋण लिएर व्यवसाय गर्न सजिलो भएको बताउनुभयो । विगत लामो समयदेखि भूमिहीन बन्दै आएका त्यस क्षेत्रका बासिन्दाले पुर्जा पाएपछि खुसीले गद्गद् भएको वडाध्यक्ष सन्तबहादुर गुरुङले जानकारी दिनुभयो । पुर्जा वितरणकार्य लामो समयदेखि रोकिराखेको हुँदा त्यस क्षेत्रका बासिन्दालाई पुर्जा प्रदान गर्न नसकिएकाले गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो । "ढिलै भए पनि पुर्जा हस्तान्तरण गर्न पाउँदा उनीहरूले राहतको महसुस गरेका छन्", उहाँले भन्नुभयो । सेतो पुर्जा वितरणका लागि पनि फाराम भर्ने काम भइरहेको उहाँले बताउनुभयो । भूमि व्यवस्था सहकारी तथा निवारणमन्त्री शशि श्रेष्ठ र नापी कार्यालयका प्रमुख कृष्ण आचार्यले बुधबार संयुक्तरूपमा पुर्जा हस्तान्तरण गर्नुभएको थियो ।

# बागलुङमा १३ दल दर्ता

पोखरापत्र संवाददाता
म्याग्दी १० चैत

आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि बागलुङमा १३ दल दर्ता भएका छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार ६ ठूला दलबाहेक १३ साना दलले निर्वाचनका लागि चिन्ह लिन आयोगमा दल दर्ता गराएका हुन् ।

निर्वाचन आयोगले दलहरूलाई आफ्नै निर्वाचन चिन्ह लिनका लागि यही चैत ४ गतेदेखि ६ गतेसम्म आवेदन दिन समय दिएको थियो । आयोगले तोकेको समयमा बागलुङमा क्रियाशील रहेका १३ दलले आफ्नै निर्वाचन चिन्हका लागि विवरण बुझाएका छन् । जिल्ला निर्वाचन कार्यालय बागलुङका प्रमुख नारायणदत्त शर्माका अनुसार राष्ट्रिय मान्यता प्राप्त दल नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले जिल्लामा विवरण बुझाउनु नपर्ने भएकाले १३ दलले चिन्हका लागि विवरण बुझाएका हुन् । उनीहरूको विवरण निर्वाचन आयोगमा पठाइएको उहाँले बताउनुभयो ।

दल दर्ता गराउनेमा राष्ट्रिय जनमोर्चा, उन्नत लोकतन्त्र पार्टी, सामाजिक एकता पार्टी, विवेकशिल साझा पार्टी, नेकपा माले, नेपाली काङ्ग्रेस (विपी), राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय नागरिक पार्टी, मंगोल नेशनल अर्गनाईजेसन, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल दलित पार्टी, नेपाल परिवार दल र मौलिक जरोकिलो पार्टी रहेका छन् । राष्ट्रिय पार्टीको मान्यता नपाएपनि बागलुङमा तेस्रो शक्तिको रूपमा रहेको राष्ट्रिय जनमोर्चाले पनि आफ्नो चिन्हका लागि दल दर्ता गराएको छ । यसअघि २०७४ सालमा भएको निर्वाचनमा बागलुङमा आठ दल निर्वाचनमा सहभागी भएका थिए ।

निर्वाचन कार्यालयका अनुसार स्थानीय तह निर्वाचन कार्यक्रमको तयारी तिब्र बनाइएको छ । निर्वाचनको तयार ।स्वस्फ कार्यालयले यही चैत १५ गते जिल्लामा प्रमुख निर्वाचन अधिकृतको कार्यालयसँगै निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने तयारी गरेको छ । सदरमुकाममा प्रमुख निर्वाचन अधिकृतको कार्यालय रहने छ भने अन्य पालिकामा निर्वाचन अधिकृतको कार्यालय रहने छ । निर्वाचनका लागि कार्यालयले कर्मचारी माग गर्न थालेको छ । एउटा मतदान केन्द्रमा सातदेखि आठ जनाको दरले कर्मचारी परिचालन गरिने छ । बागलुङमा १०३ मतदान स्थलमा २०१ मतदान केन्द्रबाट मतदान हुने छ ।

# महोत्सवले आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुग्छ : प्रधानमन्त्री देउवा

पोखरापत्र संवाददाता
दमौली १० चैत

प्रधानमन्त्री शेरबहादुर देउवाले मेला महोत्सवले आर्थिक गतिविधि चलायमान बनाउन सहयोग पुग्ने बताउनुभएको छ । तनहुँ उद्योग वाणिज्य सङ्घको आयोजनामा आजदेखि दमौलीमा सुरु भएको आठौं तनहुँ महोत्सवको उद्घाटन गर्दै उहाँले कोभिड-१९ ले थला परेको अर्थतन्त्र चलायमान बनाउन स्थानीयस्तरमा आयोजना हुने मेला महोत्सवबाट सहयोग पुग्ने उल्लेखअ गर्नुभयो ।

आर्थिक तथा सामाजिक क्षेत्रको विकासका लागि मेला महोत्सव सार्थक सिद्ध हुने उल्लेख गर्दै प्रधानमन्त्री देउवाले भन्नुभयो, "कोरोनाले दुई वर्षदेखि रोकिएका मेला महोत्सव सञ्चालन हुनु अर्थतन्त्रका लागि राम्रो हो ।" हरेक नेपालीलाई कोभिड-१९ विरुद्धको खोप लगाइएकाले नेपालीमा आत्मबल बढेको उहाँको भनाइ थियो । स्थानीय स्तरमा उत्पादन हुने वस्तुको प्रचारप्रसार र बजारीकरणमा महोत्सवबाट सहयोग पुग्नुपर्ने प्रधानमन्त्री देउवाले बताउनुभयो । नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गाउँमै आम्दानी र रोजगारीको अवसर सिर्जना गरेर जनतालाई गाउँमै बसूँ बसूँ बनाउनुपर्ने धारणा राख्नुभयो । तनहुँमा रोकिएका विकास निर्माणका कामलाई निरन्तरता दिनुपर्नेमा उहाँले जोड दिनुभयो । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले स्वदेशी तथा बाह्य लगानी भित्र्याउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो । वर्तमान सरकार विकास र समृद्धिको पक्षमा रहेको उहाँको भनाइ थियो । सङ्घका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठले आर्थिक, सामाजिक विकासका साथै स्थानीय उत्पादन, कृषि, धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल, उद्योग, व्यापार व्यवसायको सम्भाव्यता अध्ययन गरी प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको स्पष्ट पार्नुभयो । यही चैत २० गतेसम्म सञ्चालन हुने महोत्सवमा पाँच लाख दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ ।

# सहिद स्मारक 'बी' डिभिजन लिग : आरसिटी विजयी

रासस
काठमाडौं, १० चैत

सहिद स्मारक 'बी' डिभिजन फुटबल लिग फुटबल प्रतियोगिताअन्तर्गत बिहीबार भएको खेलमा रानीपोखरी कर्नर टिम (आरसिटी) विजयी भएको छ । सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फुटबल सङ्घ) कम्प्लेक्समा भएको खेलमा आर सिटीले सामाजिक युथ क्लबलाई ३-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । आरसिटीको जितमा प्रज्ज्वल गुरुङले दुई तथा विश्वास थापा मगरले एक गोल गरे । विश्वासले खेलको पाँचौं मिनेटमा गोल गर्दै आरसिटीलाई पहिलो अग्रता दिलाए । त्यस्तै खेलको २०औं र २४औं मिनेटमा प्रज्ज्वलले व्यक्तिगत दुई गोल गरे ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ।।

हार्दिक समवेदना



जन्मः वि.सं. २०००/०७/१५ गते

स्वर्गारोहणः वि.स. २०७८/११/२९ गते

स्व. बद्रिलाल वजिमय

यस श्री विन्ध्यवासिनी सि गुठीका गुठीयारा सदस्य, मृदुभाषी **बद्रिलाल वजिमय**को असामयीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा देहमुक्त आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन भनी श्री भैरवनाथसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रामेश्वर मल्ल
नायो तथा
श्री विन्ध्यवासिनी सि गुठी परिवार



नागरिक पारदर्शिताका लागि
सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २३ सिम्टाबोट बराङ्ग मकवानपुर सिधाने सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम: सिम्टाबोट बराङ्ग मकवानपुर सिधाने सडक निर्माण
स्थान: पोखरा–९ कास्की
योजना सम्झौता मिति : २०७८/०८/२६ गते
योजना सम्पन्न मिति : २०७८/१२/१० गते
योजनाको कूल लागत : रु. ११,२५०७०/८६
वडाबाट विनियोजित रकम : रु.१०,००,०००/-
जनश्रम उपभोक्ताबाट : रु.१२५०७०/८६
उपभोक्ता समिति अध्यक्ष: दाम बहादुर वि.क.
सचिव: शिव घले
उपभोक्ता समिति: ११ जना, पुरुष– ६ जना
महिला– ५ जना

सिम्टावोट बराङ्ग मकवानपुर सिधाने सडक निर्माण
उपभोक्ता समिति पोखरा–२३ कास्की


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : मन चञ्चल |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : मानसिक तनाब | मीन | : शारीरिक झमेला |


हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# एसियाको पहिलो कृषि कर्जा मेलामा एनएमबि लघुबित्तको सहभागिता

**पोखरापत्र संवाददाता**
**पोखरा, १० चैत**




विश्वकै दोस्रो तथा एसियाको पहिलो भनिएको कृषि कर्जा मेला चितवनमा शुरु भएको छ।

कृषक र कृषिसंग जोडिएका मेला भ्रमणकर्तालाई एकै थलोमा सबै जानकारी लिन सजिलो होस भन्ने हेतुले आर एण्ड डी इनोभेटीभ सोलुसन प्रा.लि. र नेपाल कृषि मेशीनरी ब्यवसाय संघले संयुक्त रुपमा चितवनको एक्स्पो सेन्टर भरतपुरमा चैत ९ देखी १२ गतेसम्म यो मेला आयोजना गरेको हो । यस कृषि कर्जा मेलामा पोखरा हेम्जाको एनएमबि लघुबित्त बित्तीय संस्थाले पनि सहभागिता जनाएको छ।

नेपाल राष्ट्र वैकवाट "घ" वर्गको बित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको यस बित्तीय संस्थाले आफ्ना ग्राहकलाई कृषिकर्जा सम्वन्धी जानकारी गराई कृषि वित्तीय साक्षरता अभिबृद्धि गराउने र कृषि कर्जा मैत्री निति निमार्णमा थप टेवा पुग्ने उदेश्यका साथ उक्त मेलामा वित्तिय संस्थाको तर्फवाट प्रमुख कार्यकारी अधिकृत आनन्द पाण्डेले समेत सहभागिता जनाएका छन।

एनएमबि बैंकको सहायक कम्पनीको रुपमा रहेको एनएमबि लघुवित्त बित्तीय संस्था नेपाल राष्ट्र वैकवाट "घ" वर्गको बित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको लघुबित्त बित्तीय संस्था हो । यस बित्तीय संस्थाले देशका सातवटै प्रदेशमा प्रादेशिक कार्यालय सहित ६८ जिल्लाका बिभिन्न स्थानहरुमा १४८ वटा शाखा तथा उपशाखा कार्यालयहरु संचालन गरी करिब १ लाख १९ हजार विपन्न घरपरिवारका सदस्यहरुलाइ लघुवित्त सेवा प्रदान गदै आएको बताएको छ।

# बैँसीबाट लेक पुगे भैँडाका बथान

**पोखरापत्र संवाददाता**
**लमजुङ १० चैत**

चिसो बढ्न थालेसँगै गत असोज/कात्तिकमा लेकबाट बैँसी ल्याइएका दर्जनौ भैँडी गोठका भैँडाबाख्रा गर्मी बढेसँगै पुनः चरण क्षेत्र लेक तथा उच्च हिमाली भेगमा पुगेका छन् ।

जाडो छल्न जिल्लाका विभिन्न स्थान तथा बैँसी ल्याइएका घुम्ती भैँडीगोठ यतिबेला उच्च हिमाली भेगका चरन क्षेत्रमा गोठालाले आ-आफ्ना भेडाका बथान पुऱ्याएको भेटिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा रुपेश श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "जिल्लामा साना ठूला गरेर ३०० भन्दा बढी घुम्ती भैँडीगोठ रहेका र ती सबै बैँसीबाट चरण क्षेत्र लेकमा पुगिसेका छन् ।"

सिउरुङ, घलेगाउँ, भुजुङ, पसगाउँ, सिङ्दी, घनपोखरा, इलमपोखरी, दूधपोखरी, पाचोक, बन्सार, फलेनी, ढोडेनी, ताघ्रिङ, भुलभुलेलगायत ग्रामीण क्षेत्रमा भेडीगोठ छन् । विशेष गरी गुरुङ समुदायको पुर्खौली चलन तथा पेसाका रुपमा भेडिगोठलाई हेरिन्छ । भैँडीगोठ वर्षेनी छ महिना लेक र छ महिना बैँसीमा राख्ने गरिन्छ। भैँडीगोठ लमजुङ, मनाङ र कास्कीको सिमाना दूधपोखरीनजिकै थुर्जु तथा लमजुङ हिमालको काख लगायतका ठाउँसम्म पुग्ने गरेको भैँडीगोठालाको भनाइ छ।

अधिकांश भैँडीगोठ लेकतर्फ लागिसके पनि घलेगाउँका भैँडीगोठ भने बैँसीमै रहेको स्थानीय दिर्घराज घलेले बताउनुभयो । उहाँका अनुसार घलेगाउँका दुई भैँडीगोठ रहेका छन् । जेठ महिनामा मात्र लेक जाने यहाँका भैँडीगोठ लमजुङ हिमालको काखमै रहेको ठुले लेकमा पुग्ने गर्दछन् ।

बैँसीमा रहेका बेलामा भैँडीगोठबाट निस्किएको मल खेतबारीमा प्रयोग गर्ने गरिन्छ भने भैँडाको ऊन निकालेर विभिन्न राडीपाखी, बख्खुलगायत बनाउनका लागि प्रयोग हुने गर्छ । जिल्लाभर २३ हजार भेडाबाख्रा रहेका छन् । वार्षिक १० हजार किलो ऊन निस्कने र ऊनको मूल्य प्रतिकिलो रु ३०० रहेको छ । त्यस्तै वार्षिक १६० मेट्रिक टन भेडाको मासु उत्पादन हुन्छ ।

मासु बिक्रीबाट रु आठ करोड आम्दानी हुने गरेको उक्त केन्द्रका प्रमुख डा श्रेष्ठले बताउनुभयो । त्यस्तै उहाँका अनुसार वार्षिक घुम्ती भैँडीगोठमा रहेका बाख्राको मासु १२० मेट्रिक टन तथा घुम्ती र घरमा पालिएका बाख्रा गरी वार्षिक एक हजार २०० मेट्रिक टन मासु उत्पादन हुँदा रु ६० करोड आम्दानी हुने गरेको छ।

# गाँजाको औषधीय प्रयोजनका लागि अनुसन्धान गर्न सैद्धान्तिक स्वीकृतिको तयारी

**रासस**
**काठमाडौं १० चैत**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गाँजाको औषधीय प्रयोजनका लागि अनुसन्धान गर्न स्वीकृति दिने तयारी गरेको छ।

लामो समयदेखि यस विषयमा संसद्मा र संसद् बाहिर वकालत गर्दै आउनुभएका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री विरोध खतिवडाको निर्देशनमा सम्पन्न बैठकले उक्त निर्णय गरेको हो । स्वास्थ्य मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठकले राष्ट्रिय विकास समस्या समाधानमा यो एजेन्डा अघि बढाउने निर्णय गरेको हो।

समितिको बैठकको निर्णयमा गाँजाको नमुना सङ्कलन गर्न कानुनी बाधा परेको भन्दै औषधीय प्रयोगका लागि अनुसन्धान गर्न कानुनी व्यवस्था तयार गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री खतिवडाका प्रेस सल्लाहकार शान्तराम बिडारीले जानकारी दिनुभयो । मन्त्री खतिवडाद्वारा बुधबार प्रमाणित निर्णयमा भनिएको छ, "गाँजाको औषधीय गुण तथा विषाक्तताको अनुसन्धान कार्यको लागि नमुना सङ्कलन गर्न कानुनी बाधा परेको औषधीय प्रयोगका लागि अनुसन्धान गर्न कानुनी व्यवस्था तयार गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।" गाँजा खुला गर्ने विषयमा संसद्मा विधेयक प्रस्तुत गर्नका लागि मस्यौदा तयार भइसकेको छ।

# थप ३५ जनामा कोरोना सङ्क्रमण

**रासस**
**काठमाडौं, १० चैत**

पछिल्लो २४ घण्टामा थप ३५ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा पाँच हजार २६८ जनाको कोरोना परीक्षण गरिएको थियो।

मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार २१९ रहेको छ। पछिल्लो २४ घण्टामा २६६ कोरोनाबाट निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको सङ्ख्या नौ लाख ६४ हजार १२७ पुगेको छ। निको हुने दर ९८.६ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । सङ्क्रमणबाट पछिल्लो २४ घण्टामा कोहीको पनि ज्यान गएको छैन । मन्त्रालयका अनुसार २०० भन्दा बढी सङ्क्रमित भएका जिल्लामा ललितपुर र काठमाडौँ रहेका छन् । शून्य सङ्क्रमित भएका जिल्लामा धनकुटा, सङ्खुवासभा, मनाङ, मुस्ताङ, पूर्वरुकुम, बाजुरा, डोल्पा, हुम्ला र जुम्ला छन् ।

नेपालमा सङ्क्रमण दर १७.७ प्रतिशत छ । हाल होम आइसोलेशनमा दुई हजार १७९, संस्थागत आइसोलेशनमा ४०, आइसियुमा २१ र भेन्टिलेटरमा दुई जनाको उपचार हुँदैछ । विगत २४ घण्टामा ८३ हजार २५३ जनाले कोरोनाविरुद्धको खोप लगाएका छन् ।

# स्थानीय तह निर्वाचनका लागि दुई करोड थान मतपत्र छापिने

**रासस**
**काठमाडौं १० चैत**

निर्वाचन आयोगले आसन्न स्थानीय तह निर्वाचनका लागि दुई करोड थान मतपत्र छपाइ गर्ने भएको छ।

आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले मतदाता नामावलीमा सूचीकृत भएका करिब एक करोड ७७ लाख मतदाताका लागि सो सङ्ख्यामा मतपत्र छपाइ गरिने जानकारी दिनुभयो। "आयोगले यही चैत १३ गते अन्तिम मतदाता नामावली प्रकाशन गरेपछि मतपत्रको छपाइ सुरु हुन्छ, मतदाता सङ्ख्याको करिब १० देखि १५ प्रतिशत थप मतपत्र छाप्नुपर्छ", उहाँले भन्नुभयो, "विभिन्न जोखिम मध्यनजर गरेर मतदाताको सङ्ख्याभन्दा बढी मतपत्र छाप्नुपर्ने अवस्था देखिएको हो। आयोगले करिब दुई करोड थान मतपत्र छाप्नुपर्ने आँकलन गरेको छ ।" मतपत्र छपाइका लागि जनक शिक्षा सामग्री केन्द्रसँग छलफल भइरहेको आयोगले जनाएको छ।

आयोगले दर्ता भएका दलमध्ये राष्ट्रिय मान्यता प्राप्त बाहेकका ७३ राजनीतिक दलले पेश गरेका आ-आफ्नो जिल्लास्तरको सङ्गठन संरचना (जिल्ला समिति) को विवरण छानबिनको काम भइरहेको जनाएको छ । आयोगले राष्ट्रिय मान्यता प्राप्त बाहेकका दललाई यही चैत ६ गतेसम्म स्थानीय तह निर्वाचन प्रयोजनका लागि सङ्गठन संरचना पेश गर्न अनुरोध गरेको थियो। "जिल्लाबाट दलको सङ्गठन संरचनासहितको विवरण प्राप्त भएको छ, आयोगले अध्ययन गरिरहेको छ", सहप्रवक्ता अर्यालले भन्नुभयो।

निर्वाचन आचारसंहिता कार्यान्वयनका लागि सरोकारवालासँगको अन्तरक्रिया बुधबारदेखि देशभर सुरु भएको आयोगले जनाएको छ। मतदाता नामावली, मतदाता परिचय पत्र, निर्वाचनसँग सम्बन्धित निर्देशिकालगायत सामग्री छपाइका लागि विभिन्न ६ प्याकेजको बोलपत्र स्वीकृत गरी आपूर्तिकर्तासँग सम्झौता गर्न पत्राचार गरिएको उहाँले जानकारी दिनुभयो।

# निर्वाचनका लागि एकीकृत सुरक्षा नीति

**रासस**
**काठमाडौं, १० चैत**

सरकारले स्थानीय तह निर्वाचन निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्न 'स्थानीय तह निर्वाचन एकीकृत सुरक्षा नीति' ल्याएको छ।

गृहमन्त्री बालकृष्ण खाँणको अध्यक्षता बिहीबार बसेको सुरक्षा समितिको बैठकले 'स्थानीय तह निर्वाचन एकीकृत सुरक्षा नीति' पारित गरेको हो । "बैठकले निर्वाचनका लागि आवश्यक पर्ने एकीकृत सुरक्षा नीति पारित गरेको छ", गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले भन्नुभयो, "अब स्थानीय तह निर्वाचन र अन्य निर्वाचन पनि त्यही सुरक्षा नीतिअनुरुप सम्पन्न गर्न सजिलो हुन्छ । निर्वाचन निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्न यो नीतिले सहयोग पुऱ्याउँछ।"

बैठकमा सुरक्षा निकायका प्रमुखहरूले वर्तमान सुरक्षा अवस्था र निर्वाचनमा सम्पन्न गर्न गर्नुपर्ने कार्यबारे आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो। उहाँका अनुसार आगामी सुरक्षा चुनौती र ती चुनौतीलाई सम्बोधन गर्न अपनाउनुपर्ने रणनीतिबारे पनि छलफल भएको थियो । बैठकमा शुक्रबारदेखि हुने चिनियाँ विदेशमन्त्री वाङ यीको तीनदिने नेपाल भ्रमणमा सुरक्षाको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा पनि छलफल भएको जनाइएको थियो। बैठकमा गृहमन्त्री खाँणले चिनियाँ विदेशमन्त्री वाङको भ्रमणका बेला आवश्यक सुरक्षा गर्न सुरक्षा प्रमुखहरूलाई निर्देशन दिनुभकामा भ्रमण शान्तिपूर्णरूपमा सम्पन्न गर्न कार्ययोजना बनाइएको उहाँहरूले जानकारी गराउनुभएको थियो।

बैठकमा गृहसचिव टेकनारायण पाण्डे, रक्षासचिव किरणराज शर्मा, नेपाली सेनाका रथी बालकृष्ण कार्की, नेपाल प्रहरीका महानिरीक्षक शैलेश थापा, सशस्त्र प्रहरी बलका महानिरीक्षक शैलेन्द्र खनाल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख यदुनाथ खरेल, गृहप्रवक्ता पोखरेललगायतको सहभागिता थियो।

# गिरिजाप्रसाद राष्ट्रिय हक्कीमा गण्डकी, लुम्बिनी र सुदूरपश्चिम विजयी

**रासस**
**काठमाडौं १० चैत**

गिरिजाप्रसाद कोइराला स्मृति तेस्रो राष्ट्रिय पुरुष हक्की प्रतियोगिताअन्तर्गत बिहीबार भएको खेलमा गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश विजयी भएका छन्। नेपाल हक्की सङ्घद्वारा विराटनगरको सहिद रङ्गशालामा भएको पहिलो खेलमा गण्डकी प्रदेशले बागमती प्रदेशलाई ८-० गोलअन्तरले पराजित गरेको छ । यसैगरी दोस्रो खेलमा सुदूरपश्चिम प्रदेशले प्रदेश नं १ लाई ३-१ गोलअन्तरले पराजित गरेको छ । त्यसैगरी तेस्रो खेलमा लुम्बिनी प्रदेशले मधेस प्रदेशलाई ७-१ गोल अन्तरले पराजित गरेको छ । शुक्रबार पहिलो सेमिफाइनल खेल सुदूरपश्चिम र गण्डकी तथा दोस्रो सेमिफाइनल खेल नेपाली सेना र लुम्बिनी प्रदेशबीच हुने संयोजक रञ्जन थापाले जानकारी दिनुभयो।

प्रतियोगितामा नेपाली सेना, प्रदेश १, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेश सहभागी छन् । प्रतियोगिताको विजेताले रु ५० हजार, उपविजेताले रु ३५ हजार र तेस्रो हुने टोलीले रु १५ हजार पुरस्कार प्राप्त गर्नेछन् ।

# शिक्षामा तीन क्षेत्रको सुधार थालियो

**पोखरापत्र संवाददाता**
**बागलुङ, १० चैत**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षामा तीन क्षेत्रको सुधार एकैपटकमा गर्न थालिएको बताउनुभयो।

बिहीबार बागलुङ जिल्लाको गलकोटमा सुरु भएको पत्रकारका लागि विज्ञान तथा प्रविधि तालिम र विज्ञान विद्यार्थीका लागि वैज्ञानिक अवधारणासम्बन्धी तालिम शुभारम्भ गर्दै उहाँले शिक्षामा भौतिक पूर्वाधार, शैक्षिक क्रियाकलाप तथा शिक्षासम्बन्धी कानुन तथा नीतिगत सुधारको कार्य एकैपटक गर्न थालिएको बताउनुभएको हो। मन्त्री पौडेलले नेपालका सबै पालिकामा एक-एक प्राविधिक विद्यालय स्थापना गर्ने र सातै प्रदेशमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)को अनुसन्धान केन्द्र स्थापना गर्ने सरकारको लक्ष्य रहेको छ भन्नुभयो। उहाँले गण्डकी प्रदेशमा स्थापना गर्न लागिएको नास्टको अनुसन्धान केन्द्र बागलुङमा स्थापना गरिने पनि जानकारी दिनुभयो।

दुबै तालिम बिपी कोइराला मेमोरियल प्लाटेरियम अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको आयोजनामा बागलुङको गलकोटमो आयोजना गरिएको हो । तालिममा जिल्लाका २५ क्रियाशील पत्रकार र विज्ञान विषयका १० भन्दा बढी विद्यालयका विद्यार्थी सहभागी रहेका उक्त विकास समितिका कार्यकारी निर्देशक डा सनतकुमार शर्माले जानकारी दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ घाटिछिना सिम्पानी हर्पन सडक स्तरोन्नती गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: घाटिछिना सिम्पानी हर्पन सडक स्तरोन्नती**
**स्थान: पोखरा–२३ कास्की**
**योजना सम्झौता मिति : २०७८/१०/०९ गते**
**योजना सुरु मिति: २०७८/१०/१० गते**
**योजना सम्पन्न मिति : २०७८/१२/२९ गते**
**योजनाको कुल लागत : रु. १५,२९,४१२।–**
**वडाबाट विनियोजित रकम : रु.१३,००,०००।–**
**जनश्रम उपभोक्ताबाट : रु.२२९४१२।–**
**उपभोक्ता समिति अध्यक्ष: चेत बहादुर क्षेत्री**
**सचिव: हरिलाल पौडेल**
**उपभोक्ता समिति: ११ जना, पुरुष– ७ जना**
**महिला– ४ जना**

**घाटिछिना सिम्पानी हर्पन सडक उपभोक्ता समिति**
**पोखरा–२३ कास्की**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्म:**
**वि.सं. २०००/०७/१५ गते**

**स्वर्गारोहण:**
**वि.स. २०७८/११/२९ गते**

**स्व. बद्रिलाल वजिमय**

**यस समितिका आजिवन सदस्य तथा रागी समिति सदस्य श्री मुक्तिलाल वजिमयको श्रद्धेय दाजु श्री भैरवका अनन्य भक्त, मृदुभाषी बद्रिलाल वजिमयको असामयीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा देहमुक्त आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं, साथै यस दु:खद घडीमा शोकाकुल परिवारजनप्रति धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन भनी श्री भैरवनाथसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।**

**तीर्थमान प्रधानाङ्ग**
**अध्यक्ष एवं**
**श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार**
**भैरवटोल, पोखरा-२**